मितिः २०७७ साउन १६ गते

# चेपाङ्ग समुदायमाथि चितवन निकुञ्ज प्रशासनले गरेको ज्यादती विरुद्धमा

# ‘सामुहिक विज्ञप्ती’

चितवन जिल्लाको माडी नगरपालिका वडा नं. ९ कुशुम खोलामा वि.सं. २०५३ सालदेखि बसोबास गर्दै आएका भुमिहिन चेपाङ्ग समुदायको घरहरु चितवन राष्ट्रिय निकुञ्ज प्रशासनले मिति २०७७ साउन ३ गते हात्ती लगाई भत्काउनुका साथै २ वटा घरमा आगजनी समेत गरेको छ । सोही क्रममा राप्ती नगरपालिका वडा नं. २ निवासी २४ वर्षिय राजकुमार प्रजा (चेपाङ्ग) को घोँगी संकलन गरिरहेको अवस्थामा निकुञ्जका सरक्षाकर्मीले नियन्त्रणमा लिई निर्मम यातना दिईएका कारण मृत्यु हुन गएको भनिएको घटना प्रति हाम्रो गम्भिर ध्यानाकर्षण भएको छ । यस घटनाका कारणले १७ जना नाबालक र बृद्धबृद्धा सहित ५२ जनाको गाँस, बास, भूमि र आयआर्जनको श्रोत खोसिएको छ भने खाद्य जोहो गर्ने क्रममा १ जना किशोरको ज्यान गुमेको छ ।

यस घटनाले मध्यवर्ति क्षेत्रमा बसोवास गर्दै आएका आदिवासी जनजाति, अति सिमान्तकृत भूमिहिन तथा खाद्य जोखिममा रहेका यी समुदायहरुमा भविष्यमा गाँस, बास, भूमि र पेशा व्यवससाय आदि समेतबाट विस्थापन हुनुपर्ने भयले मानसिक विचलनको अवस्था सिर्जना भएको छ । कोभिड-१९ ले विश्व नै आक्रान्त भएको बेला कसरी परिवार धान्ने भन्ने चिन्तामा रहेका यी समुदायमाथी निकुञ्ज प्रशासनबाट भएको अमानवीय व्यवहार प्रति हाम्रो गम्भिर ध्यानाकर्षण भएको छ । उक्त घटनामा निकुञ्ज प्रशासनबाट भएको मानव अधिकारको हनन् प्रति हामी खेद प्रकट गर्दछौं ।

**नेपालको संविधानले** आवास (धारा ३७), खाद्य (धारा ३६), भूमि, सामाजिक न्यायको हक (धारा ४२) लगायतका नागरिकका हक अधिकारहरु मौलिक हकको रुपमा सुनिश्चित गरेको छ । सामाजिक न्यायको हक (धारा ४२ (२)) अर्न्तगत आर्थिक रुपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको हकहित संरक्षण, उत्थान, सशक्तिकरण र विकासको लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हकको व्यवस्था गरिएको छ ।

**राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ (पाचौं संशोधन २०७५/११/१९)** दफा ५ (२) ले निकुञ्ज वा आरक्षमा परम्परागत रुपमा उपभोग गर्दै आएका सुविधा प्राप्त बाटो, रैथाने चरिचरन, खानेपानी, सिंचाई तथा तटबन्धको प्रयोग गर्न, परम्परागत रुपमा सङ्कलन गर्दै आएको जङ्गली सागसब्जी

तथा कन्दमूल सङ्कलन र माछा मार्नको लागि स्थानीय जनतालाई तोकिए बमोजिम अनुमति दिइनेछ भन्ने व्यवस्था स्पष्ट रुपमा उल्लेख भएको छ ।





**आदिवासी जनजातिहरुको अधिकार सम्बन्धी अन्तराष्ट्रिय घोषणापत्र, २००६ को धारा १० अनुसार** "आदिवासी जनजातिहरुलाई उनीहरुले बसोबास गरिरहेको क्षेत्र वा भूमिबाट जवर्जस्ती हटाईने छैन । सम्बन्धित आदिवासी जनजातिहरुको स्वतन्त्र र पुर्व सु-शुचित सहमति वा मन्जुरी बिना, उचित तथा न्यायसंङ्गत क्षतिपुर्तिमा सहमति नभएसम्म उनीहरुलाई आफ्नै स्थानमा फर्कने विकल्प नदिईकन स्थान्तरण वा पुनर्वास गराइने छैन" भन्ने व्यवस्था रहेको छ ।

उपरोक्त कानूनी व्यवस्था र सीमान्तकृत समुदायको विषेश अधिकारहरुमा निकुञ्ज प्रशासनले नजरअन्दाज गरेको छ र आवास जलाउने जस्तो अमानवीय कार्य गरेको छ । राज्यले यस घटनामा मानव अधिकार सम्बन्धी राष्ट्रिय तथा अर्न्तराष्ट्रिय कानूनको खिल्ली उडाउँदै चेपाङ्ग समुदायको आवास, खाद्य, भूमि, सामाजिक न्याय तथा सम्मानपुर्वक बाँच्न पाउने अधिकार कुण्ठित गरेको छ । त्यसैले हामी खाद्य अधिकार तथा सिमान्तकृत समुदायको अधिकारको लागि कार्यरत संस्थाहरु नेपाल सरकार समक्ष निम्नानुसार माग गर्दछौं ।

१. उक्त घटनाको निष्पक्ष छानविन गरी घटनाका दोषीलाई कानूनी दायरामा ल्याई कडा कार्वाही गरियोस् ।
२. खाद्य संकलनको क्रममा ज्यान गुमाउन पुगेका व्यक्तिको परिवारलाई उपयुक्त क्षतिपुर्तिको व्यवस्था गरियोस् ।
३. आवास जलाईएको कारण उत्पिडनमा परेका परिवारहरुलाई तत्काल राहत र पुनर्स्थापनाको व्यवस्था गरियोस् ।
४. उत्पिडनमा परेका समुदायले न्यायको महशुस हुने गरी भूमि, खाद्य र आवासको व्यवस्था गरियोस र उनीहरुमाथी भविस्यमा यस्तो घटना नदोहोरिने व्यवस्था सुनिश्चित गरियोस ।

तपशिल :

| **क्र.स** | **संम्बद्ध संस्था** | **सम्पर्क व्यक्ति** | **हस्ताक्षर** |
|---|---|---|---|
| १. | फियान नेपाल | अशोक बहादुर सिंह, कार्यकारी निर्देशक | |
| २ | खाद्य अधिकार राष्ट्रिय सन्जाल | विदुर सुवेदी, संयोजक | |
| ३ | आर्थिक, समाजिक तथा साँस्कृतिक अधिकार राष्ट्रिय सन्जाल नेपाल | अधिवक्ता पंकजकुमार कर्ण, संयोजक | |

| | | | |
|---|---|---|---|
| ४ | न्याय तथा अधिकार संस्था - नेपाल (जुरी-नेपाल) | अधिवक्ता मोहनलाल आचार्य, कार्यकारी निर्देशक |  |
| ५ | आदिवासी जनजाति महिला समूह - नेपाल | अनिता थापा, कार्यवाहक अध्यक्ष |  |
| ६ | मध्यवर्ति क्षेत्र जनाधिकार महासंघ नेपाल, चितवन | छविलाल न्यौपाने , अध्यक्ष |  |
| ७ | नेपाल आदिवासी जनजाति महासंघ, (नेफिन) चितवन | सुरविर थापा मगर, अध्यक्ष |  |